# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं भाद्र १५ गते २०१० साल

## भाग ३

## उद्योग वाणिज्य खाद्य सिभिल सप्लाइजमन्त्रालयको सूचना

सदर चारभन्ज्याङभित्र कोटाबाट आएको र महाजनहरूले खुश खरीद गरी ल्याएको चिनीको बिक्री दरमा थोरै मात्र फरक परी कोटाको चिनी खुद्रा बिक्री गर्ने महाजनहरूले कूपनको चिनी ल्याई बिक्री गर्न मन नगर्ने बुझिएको र सन् १९५०, १९५१, १९५२ को कोटाको चिनी कोटावालहरूले ल्याई धेरैजस्तो रूल नियमबमोजिम खुद्रा बिक्री गर्ने महाजनद्वारा जनतामा बिक्री वितरण भै थोरैमात्रा मात्र बाँकी रहेको छ । उक्त बाँकी चिनी धेरै दिनदेखि आइरही बिक्री हुन नसकेकोले सो चिनी त्यसै राखिछाड्दा महाजनहरूको रुपैयाँ फसिरही नोकसानी पर्ने



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि म

४०

जाने भएको र कोटाबाहेकको चिनी चाहिंदो मात्रामा खुश खरीद गर्न पाइएको र मोलमा केही मात्र फरक परेबाट जनताको कोटाको चिनी पाऊँ भन्ने माग पनि नभएकोले लेखिएका सन् १९५०, १९५१, १९५२ को कोटाको आजअवधि बिक्री भै बाँकी रहेको चिनी तपसीलबमोजिम वितरण गराउने भएकोले सर्वसाधारण जनता, चिनी खुद्रा बिक्री गर्न मुकरर भएका महाजन र कोटावालाहरूलाई थाहा होस भन्नानिमित्त यो सूचना प्रकाश गरिएको छ । चिनीको दरकार पर्ने सज्जनहरूले कन्ट्रोलमा दरखास्त गर्नुभएमा तल लेखिएबमोजिम किनी लिन पाउने गरी कन्ट्रोल अड्डाबाट कूपन दिनेछ ।

तपसील

सन् १९५०, १९५१, १९५२ का कोटाको चिनी पैठारी गर्न लाइसेन्स पाएका कोटावालाहरूले आफूले पैठारी गर्न पाएको चिनीको परिमाण, सोमध्ये खास पैठारी गरेको चिनीको परिमाण, सो पैठारी भएमध्ये आजसम्म कन्ट्रोलको पुर्जीबमोजिम बिक्री भएको परिमाण र आफूसँग बाँकी रहेको परिमाणको फाँट यो सूचना जारी भएको ७ दिनभित्र कन्ट्रोल अड्डामा दाखिल गर्नु । सो गर्दा एकैजनाले २।३ सालको कोटा पाएको भए प्रत्येक सालको छुट्टाछुट्टै फाँटवारी दाखिल गर्नुपर्छ.— — — — १

सन् १९५० र १९५१ को कोटावालाहरूले पैठारी गरेको मध्ये आजसम्म कन्ट्रोल अड्डाको पुर्जीबमोजिम बिक्री गरी बाँकी रहन आएको जति चिनी कन्ट्रोल अड्डाबाट कायम भएको दररेटमा नबढाई सर्वसाधारणमा कन्ट्रोल अड्डाको पुर्जी नलिई आफूखुशी बिक्री गर्न पाउने— — — २

सन् १९५२ को कोटावालाहरूले पैठारी गरेको मध्ये आजसम्म कन्ट्रोल अड्डाको पुर्जीबमोजिम बिक्री गरी बाँकी रहन आएको जति चिनी जनतामा बिक्री गर्न समेत निमित्त कन्ट्रोल अड्डाबाट चिनी पाऊँ भन्न आउनेहरूलाई कूपन पाएको ७ दिनभित्र कूपनबमोजिमको चिनी नलिएमा सो म्याद

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि

नाघेपछि नपाउने गरी मौजदातअनुसार मुनासीबमाफिकको कूपन—फाँट दाखिल भएमा ७ दिनभित्र काटी त्यसको सूचना कोटावालालाई दिनेछ। त्यस्तो कूपन पाउनेहरुले कूपनको म्यादभित्र चिनी लिन आएमा कोटावालाले कूपनबमोजिमको चिनी दिनुपर्छ। कसैले म्यादमा नलिएमा त्यस्तो नउठाएको चिनीजति कोटावालाहरुले जनसाधारणमा कन्ट्रोल अड्डाबाट कायम भएको दररेटमा नबढाई बिक्री गर्न पाउने — — — — — — ३

१।२।३ दफाबमोजिम नगर्ने कोटावालालाई २००८ सालको कालो बजारिया कानूनबमोजिम हुनेछ.— — — — — ४

आज्ञाले,
नीरराज,
सेक्रेटरी–इ. वा. खा. सिभिल सप्लाइ मन्त्रालय.

गोरखापत्र छापाखानामा मुद्रित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि